# शैक्षिक सिर्जना

अंग्रेजी/नेपाली शैक्षिक द्वैमासिक

## पर्व विशेषांक



वर्ष : १०　　अङ्क : ७८　　भाद्र–मंसिर २०७७ (संयुक्तांक)　　मूल्य : रू. १०।-

# शुभकामना



**आयुर्द्रोणसुते श्रीयम् दशरथे, शत्रुक्षयम् राघवे,**
**ऐश्वर्यम् नहुषे, गतिश्च पवने, मानञ्च दुर्योधने,**
**सौर्यम् शान्तनवे, बलम् हलधरे, सत्यञ्च कुन्तीसुते,**
**विज्ञाने विदुरे, भवन्तु भवताम्, कीर्तिश्च नारायणे !**

*शिक्षक, सैनिक तथा गैरसैनिक कर्मचारी,*
*विद्यार्थीवर्ग, अभिभावक एवं*
*सम्पूर्ण नेपाली बन्धुबान्धवहरूमा*

**विजया दशमी** *तथा*

**शुभ दीपावली २०७७** *को*

*उपलक्ष्यमा सुख, शान्ति तथा समृद्धि एवम्*
*सु-स्वास्थ्यका लागि हार्दिक मङ्गलमय*

**शुभकामना !**

**सेनानी रामप्रसाद लामिछाने**
**सम्पर्क अधिकृत**

**एवं**

**राजेन्द्र कुमार लाखे**
**प्रिन्सिपल**

**सैनिक आवासीय महाविद्यालय**
**पोखरा**

जि.प्रशा.का. कास्की द.नं. : २५८/०६७

वर्ष : १० अङ्क : ७८ भाद्र–मंसिर, २०७७ (संयुक्तांक)

**संरक्षक**

राजेन्द्र कुमार लाखे

प्राचार्य, सै.आ.म.वि., पोखरा

**सल्लाहकार**

सेनानी रामप्रसाद लामिछाने
सम्पर्क अधिकृत, सै.आ.म.वि. पोखरा

प्रा.डा. कृष्ण के.सी.
भुगोलविद्

विद्या मर्सानी
वरिष्ठ बक्सिङ प्रशिक्षक

गोपाल श्रेष्ठ
वरिष्ठ कलाकार

नारायणप्रसाद पौडेल
अधिवक्ता

सूर्यकुमार श्रेष्ठ
अभिभावक

**प्रधान सम्पादक :** पी.जी.टी. श्रीमती रीतादेवी कँडेल

**सम्पादक :** पी.जी.टी. श्री उपेन्द्रप्रसाद पौडेल, जी.टी.'ए' श्री टिकाराम आचार्य, जी.टी.'ए' श्रीमती अञ्जु भण्डारी, जी.टी. श्री गिरीराज भट्टराई, जी.टी.'ए' श्री देवराज तिवारी, जी.टी.'ए' श्री केशवदत्त पौडेल, जी.टी.'ए' श्री अरूणकुमार शर्मा, जी.टी. श्री पूर्णबहादुर राना, जी.टी. श्रीमती जमुनादेवी बाँस्तोला, जी.टी. श्री दीपक सुवेदी

**प्रशिक्षार्थी सम्पादक :** सञ्जन श्रेष्ठ, समिर रानाभाट, समिक्षा भण्डारी, मनिष पौडेल, समिर गोदार, स्पन्दन ढकाल, शिव रानामगर, रोहित बस्याल, सलिना प्रधान, आयुष्मा पन्थी

**आर्थिक संयोजक :** ना.सु.श्री लाल बहादुर क्षेत्री

**बजार व्यवस्थापन :** घनश्याम अधिकारी

आवरण कला : आर्ट प्रशिक्षक श्री उमेद पौडेल
लोगो डिजाइन : धिरेनविक्रम अधिकारी
कम्प्युटर सेटिङ्ग : भगवती श्रेष्ठ
कम्प्युटर टाइप : धनुमाया शर्मा
मुद्रण : पोखरा सेन्टर प्रेस
ठेगाना : शैक्षिक सिर्जना
श्री सैनिक आवासीय महाविद्यालय, पोखरा
फोन नं. : ०६१–५२७७४६
फ्याक्स : ०६१–५२७७४५
Email : srijana.patrika@gmail.com

शैक्षिक सिर्जना www.sampokhara.edu.np मा पनि पढ्न सक्नुहुनेछ ।

**प्रकाशक : श्री सैनिक आवासीय महाविद्यालय, पोखरा**

# सम्पादकीय ……………………………

नेपाली सेनाको कल्याणकारी योजनाद्वारा सञ्चालित सैनिक आवासीय महाविद्यालय, पोखराले आफ्ना विद्यार्थीहरूका लेख रचनाहरू सङ्कलन गरी शैक्षिक सिर्जना प्रकाशन गर्दै आएको विदितै छ । यसबाट विद्यार्थीहरूको सिर्जनात्मक क्षमता, लेखन सीप र अध्ययन गर्ने बानीको विकास हुन्छ भन्नेमा हामी विश्वस्त छौँ । विद्यार्थीहरूलाई केन्द्रमा राखिएकै कारण यो पत्रिका विद्यार्थीहरूको अति प्रिय बनेको छ । महाविद्यालयका शिक्षक, कर्मचारी, अभिभावक एवम् अध्ययन अनुसन्धानमा आवद्ध व्यक्तित्वहरूले पनि यो पत्रिकालाई माया गर्नुभएको छ । उहाँहरूका सारगर्भित लेख रचनाले यस पत्रिकाको गरिमा बढेको महसुस गरेका छौँ ।

हामी यतिखेर शैक्षिक सिर्जनाको वर्ष १० अङ्क ७८ पर्व विशेषङ्कका रूपमा प्रकाश गर्न जुटेका छौं । कोभिड १९ को महामारीका कारण भौतिक रूपमा विद्यालयहरू बन्द छन् । यति खेर प्रविधिको प्रयोग गरी शिक्षण भइरहेको छ । शिक्षणसँगै विद्यार्थीहरू अतिरिक्त लेखन कार्यमा पनि क्रियाशील छन् । यसकै प्रतिफलका रूपमा यो अङक तपाई हामी माझ आएको छ ।

हामीहरू संस्कार संस्कृतिमा धनी छौँ । यो कोभिडको भयावहले अहिले आआफ्नै घरमा बसी चाडपर्वहरू मनाउन बाध्य छौँ । आफ्ना आफन्त र साथीभाइहरूसँग मिलेर पर्व मनाउन नपाए पनि घरमै रमाउन सिकेका छौँ । आफ्नो घरायसी वातारणमा रम्न सक्नु र खुसी खोज्नु पनि सिकाइको अर्को पाटो हो । सिक्ने सिकाउने क्रममा घरायसी वातावरण पनि महत्वपूर्ण हुँदो रहेछ भन्ने कुरा स्वयम विद्यार्थीहरूले मनन् गरेका छन् । त्यसैले समय परिस्थितिअनुसार जीवन जिउनु पर्दो रहेछ । यो वर्ष घरमै बसी चाडपर्व मनाइ घरमै रमाऊँ । परिवारसँग बसी खुशीका साथ चाडपर्व मनाउँदा निकै आनन्द आउँछ । त्यसैले खुशी भई चाडपर्व मनाऊँ । आफ्ना आफन्त र साथीभाइहरूसँग शुभकामना आदानप्रदान गर्न पनि नभुलौँ ।

स्वास्थ्य नै जीवनको अमुल्य धन भएकाले शैक्षिक सिर्जना परिवारको तर्फबाट सैनिक आवासीय महाविद्यालयसँग आवद्ध सम्पूर्णमा सदासर्वदा सुस्वास्थ्यको कामना गर्दछौँ । शैक्षिक सिर्जना परिवारको तर्फबाट सैनिक आवासीय महाविद्यालयसँग आवद्ध सम्पूर्ण अग्रज महानुभाव, शिक्षक, सैनिक तथा गैरसैनिक कर्मचारी, विद्यार्थी भाइबहिनी, अभिभावक एवम् सम्पूर्ण नेपालीजनमा बडा दशैँ,दीपावली एवम् छठ पर्व २०७७ को पावन उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना अर्पण गर्दछौँ ।

# Dashain Wishes

**Aashish Sapkota, 11 (Mgmt.)**

One of the greatest festival
celebrated together by all.
May you have lots of fun,
wish you a "Happy Dashain"

An occasion to fly kite,
filling our mind with delight.
Goddess Durga ns worshiped,
Gathering with kith and kin strengthen relationship

We meet our relatives,
Eating together mouth watering delicacies.
Elder ones putting tika on the forehead,
And small ones getting blessed.

Everyone face can be seen shinning,
with the happiness all of us are enjoying.
May it fills our life with prosperity and bliss
making our day joyous and wonderous.

# खै कसरी मनाऊँ र दशैं !

जी.टी. जमुना देवी बास्तोला

शरद ऋतुको खुला नीलो आकाश
अनि मोतीझैं चम्केको सेतो हिमालले मलाई हेरिरहेछन्
खेतमा धानका बाला लह-लह झुलेर सुगन्ध छरिरहेछन्
अब त मौसम पनि घमाइलो भैसकेछ,
तर यो कोरोना कहरमा म कसरी मनाऊँ यसपालीको दशैं !

न त मनमा  उत्साह छ, न त खुशी अनि उमङ्ग
सुन्छु देशैभर चकमन्न छ, सुनसान छ रे
भोका पेटहरू यमलोकतिर धकेलिँदै छन् रे
बाढी पहिरोले घरबार अनि आफन्त गुमाउनेहरू भावविह्वल छन् रे
लाखौं युवा खाडीमा अलपत्र छन् रे
छोरो भेट्ने आशामा ति बुढी आमा दिन गन्दै रुँदै छिन् रे
चस्स हुन्छ यो मन, खै कसरी मनाऊँ यसपालीको दशैं !

हुनेखाने भन्दा हुँदाखानेहरूको जीवन कष्टकर बन्दै छ रे
डर र त्रासमा बाँचेका जनता ऋण माथि ऋण थप्न विवश छन् रे
अनि भविष्यको सुनौलो सपना बोकेका बालबालिकाहरू कतै रुमल्लिदै छन् रे ।
दुःख कष्ट कस्तो आयो नसकिने सोच्नै
न हर्ष न खुशी खै कसरी मनाऊँ यसपालीको दशैं ।

कोभिड महामारीले सङ्कट ल्यायो अझै के के हुने हो ?
सामान्य जनजीवनमा खै कहिले पो फर्किने हो ?
आशा र सपनाहरू खै कसरी पूरा गर्ने हो ?
सुरक्षाको अनुभूति कहिले पो गर्ने हो ?
यसैले मनमा यति धेरै पीडाहरू बोकेर कुन खुशी
लिएर खै कसरी मनाऊँ यसपालीको दशैं !

# पहाडी जीवन

**निशा क्षेत्री ९ 'क'**

हिमाल, पहाड र तराईमा विभक्त मेरो देश नेपालको अधिकांश भूभाग ओगटेको छ । समतल जमिनको सतहदेखि केहीमाथि उठेको, चट्टान, ढुङ्गा आदिले बनेको ठाँउ नै पहाड हो । त्यहीँ पहाडमा जन्मेर, त्यहाँका उकालीओराली, भञ्ज्याङ चौतारीमा आफ्नो जीवन व्यतित गर्नु नै पहाडी जीवन हो ।

पहाडमा विशेष गरी गाउँ, पाखापखेराहरू पर्छन् । नेपालीको सन्दर्भमा तराईदेखि केही उचाईमा र हिमाली क्षेत्रको तलपट्टी रहेको क्षेत्र पहाड हो । नेपालीहरूको मुख्य बसोबास पहाडी क्षेत्रमा रहेकागाउँ बस्तीहरूलाई नियालेर हेर्ने हो भने उनीहरूको छुट्टै जीवन छ । सामाजिक रहनसहन, भेषभूषा, चालचलन, संस्कृतिहरूमा रमाएर बस्ने गर्दछन् यहाँका मानिसहरू ।

पातला गाउँमा छरिएर रहेका उनीहरूका बाक्ला सम्बन्धहरू अनि तिनै पहाडका गहिरा खोँचहरूमा बग्ने खोलानाला जत्तिकै गहिरा विश्वासका भावनाहरूले पहाडी जीवन बनेको छ । 'जिउँदाको जन्ती र मर्दाको मलामी'भन्ने कुरालाई बोध गरेर उनीहरूको एकताको साङ्लोमा गाँसिएका छन् भने परिआएमा एक अर्काका निम्ति ज्यान दिन पनि तयार हुन्छन् । समाजमा बसेर समाजिक उत्थानका निम्ति कर्म गर्ने बानी भएका पहाडी भेगका मानिसहरू मिहिनेती, लगनशील र पौरखी हुने गर्दछन् । अनेकौँ जीवजन्तु र बोटविरुवा तथा अग्ला र होचा पहाडहरूले सुशोभित पहाडी जीवन सरल देखिएता पनि आन्तरिक रूपमा कष्ठकर नै छ । उकाली ओराली यहाँका मानिसहरूको दैनिकी नै हो । घरको छानामाथि घाम नपुग्दै उठेर खेतीपाती गर्नु र घरधन्दामा व्यस्त हुनु नै यहाँको दिनचर्या जस्तै छ । अझै पनि कतिपय पहाडी क्षेत्रमा सडक, बिजुलीबत्ती पुग्न सकेको छैन । आधुनिक कृषिका बारेमा कतिपयलाई ज्ञान पनि छैन । यसको अर्थ सबै ठाउँमा यो अवस्था भएको हैन तर यस्तो दर्दनाक अवस्थामा भएका ठाउँलाई नजरअन्दाज पनि त गर्न मिल्दैन । पक्की सडक निर्माण, पुल निर्माण, उद्योग, विद्यालय तथा अस्पतालको स्थापना सम्बन्धी सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी छ । देश विकास हुनुको अर्थ केही निश्चित भूभागको मात्र विकास हुनु होइन । यसका लागि समग्र देश नै एकनासले विकास हुनु जरुरी छ ।

पहाड निवासीहरू कर्ममा विश्वास गर्दछन् । उनीहरू भौतिक

सुखको मोहबाट टाढा रहेर आत्मीय सन्तुष्टीमा रमाएका छन् । मानो खाएर मूरी उब्जाउने समय भन्दै असारमा धान रोप्न उनीहरू तत्पर हुन्छन् । माटो, हिलोसँग मित्रता गाँसेर चर्को घाम र मुसलधारे पानीको पर्वाह नगरी खानका लागि गाँसको जोहो गर्छन् । रुख, माटो र जललाई देवतामानेर पूजागर्ने पहाडमा जङ्गलको फडानी गरी बस्ती बसाल्ने कामहरू हुँदैनन् । उनीहरू जे छ त्यहीँमा नै रमाउँछन् । सुख र दुःख जीवनका दुई पाटा हुन् भन्ने बुझेकाले उनीहरू सहरी जीवनप्रति त्यति आकर्षित छैनन् । हुन त धनको आडमा पहाड छाडेर सहर बस्नेहरू नभएका पनि हैनन् तर अझै पनि पहाडका गाँउहरूमा मानिसहरूको बाक्लो बस्ती रहेको छ ।

विकासका लागि अगाडि बढिरहेको देशमा पहाडको पनि विकास हुनु जरुरी छ । पहाडी जीवनलाई सहज बनाउन सक्दो प्रयास गर्नुपर्दछ । अनेकौँ सुविधाबाट वञ्चित रहेका ठाउँमा ती सुविधाहरू पुऱ्याउनका निमित्त आजैदेखि सम्बन्धित व्यक्ति र सम्बन्धित निकायले पहल गर्नुपर्छ । सबैले पहाड निवासीहरूको लगनशीलता, परिश्रम र मिहिनेतको कदर गर्नुपर्छ र एकताको डोरीमा बाँधिनुपर्छ ।

---

# लक्ष्य

**बिपासा कार्की**

मिहिनेत गर तिमीले अब लक्ष्य छैन टाढा
फूलको बोटमा फूलमात्र होइन हुन्छ काँडा

काँडा हटाई फुलेको सुवास तिमीले छर्नुपर्दछ
देशको निम्ती राष्ट्रभक्ति मनमा भर्नुपर्दछ

परिश्रमी ती हातहरू नहुन कहिल्यै पछि
सबैलाई साथ लिई तिमी बढ्नुपर्दछ अघि

गुरु अनि अभिभावक हुन् सबै तिम्रा मित्र
देशको लागि तिमीले अब कोर नयाँ चित्र

**Some are born great, some achieve greatness and some have greatness thrust upon them - Shakespeare**

# तिमी न्याय खोज्छौ त्यहाँ ?

**- दिपान्जल ढकाल, ११ "विज्ञान"**

दुर्गा भवानीको पूजा गरिन्छ जहाँ
दिन दहाडै नारीको अस्मिता लुटिन्छ यहाँ
गौतम बुद्धको जन्मभूमि भनेर चिनिन्छ जहाँ
द्वन्द्व र युद्ध दिनानुदिन बढ्दै छ यहाँ
तिमी न्याय खोज्छौ त्यहाँ ?

चारजात छत्तिस वर्णको एकल गाउँमा
जातकै नाममा झगडा हुन्छ यो ठाउँमा
व्यापार चल्छ हजुर धर्म र संस्कृतिको नाउँमा
दोषीलाई वा !वा !पीडितलाई सजाय हुने ठाउँमा

तिमी न्याय खोज्छौ त्यहाँ ?
कुर्सीको लागि तानातान छ यहाँ
अर्थतन्त्र मालामाल छ यहाँ
विकास संरचना सुनसान छ यहाँ
बिचौलियाहरूको राज छ यहाँ

तिमी न्याय खोज्छौ त्यहाँ ?
किसानहरू मारमा बिद्यार्थी दोधारमा
पीडित नमिठो हारमा नेता चिल्लो कारमा
जनता गल्ली र सडकमा
राष्ट्रसेवीहरू उफ् नानाथरीका तडकभडकमा

तिमी न्याय खोज्छौ त्यहाँ ?
यो चोट गहिरो छ सजिलै भरिने छैन
अदालतको के काम अब
सरकार जबकी न्याय भेटिएको छैन

"न्याय हराएको सूचना"

मेरो उन्नतीको रहस्य एउटै सूत्रमा छ - हिम्मत नहार्नु । -अल्वर्ट आइन्सटाइन

# आमा

**सुप्रिया पौडेल ७ 'क'**

नौ नौ महिना कोखमा राख्दा कति दुःख सहयौ आमा ।
भेट्ने छैन तिमी जस्तो प्रिय मैले यो संसारमा ॥

म हाँसे हास्नी आमा म रोए रुनी ।
मेरो पेट भर्न पाए आफू भोकै भए पनि खुसी हुनी पनि ॥

भगवान जसरी सबै सामु पुग्न नसक्ने भएर ।
दुःख पीडा लुकाउँछिन हामी सामु रहेर ॥

आमा तिमी देवी हौ विश्वमा तिम्रो नाम छ ।
तिम्रो त्यो त्यागलाई सधैँ मेरो सलाम छ ॥

आमा तिमी ममताको धारा बगाउने ।
आविस्कारकी जननी हौ संसार बनाउने ॥

तिम्रो ममताले सगरमाथाको शिखर नै चुम्ने छौँ ।
एकदिन तिमी म देखेर अवश्य गर्व गर्नेछौँ ॥

आमाको न्यानो काखमा हुँदा पीडा सबै भाग्छ ।
तिमी जस्तो आमा पाउँदा मलाई खुसी लाग्छ ॥

# दशैं तिहारको शुभकामना

विजया दशमी तथा शुभ दीपावली-२०७७ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु। यहाँहरूको सु-स्वास्थ्य दीर्घायु तथा उत्तर उत्तर प्रगतिको हार्दिक कामना गर्दछु।

**अंकिता श्रेष्ठ, १२ (व्यवस्थापन)**

---

विजया दशमी तथा शुभ दीपावली-२०७७ सालको पावन अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक लगायत सारा नेपालीहरूमा सुख, शान्ति, समृद्धि दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

**विकास गुरुङ्ग, १२ (व्यवस्थापन)**

---

नेपालीहरूको महान पर्व विजया दशमी, शुभदीपावली तथा छठ पर्वको अवसरमा सम्पूर्ण महाविद्यालय परिवार, इष्टमित्र, भाइबहिनीहरू तथा समस्त नेपाली जनसमुदायमा सुख, शान्ति, सुःस्वास्थ्य दीर्घायु, समृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु। भगवती दुर्गाले सबैको रक्षा गरुन्, दीपावलीको बत्ती घर-घरमा मात्र नभई सबैको जीवनमा बलोस्। सबैको घरमा लक्ष्मीको बास होस्।

**कुशल क्षेत्री, १२ (व्यवस्थापन)**

---

विजया दशमी तथा शुभ दीपावली २०७७ को पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदी बहिनीहरूलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु। यहाँहरूको सु-स्वास्थ्य दीर्घायु तथा उत्तर उत्तर प्रगतिको कामना गर्दछु। दुर्गा माता र लक्ष्मी माताले यहाँहरूको घरमा बास गरुन्।

**अमिसा कार्की, १२ (विज्ञान)**

---

वर्ष र दिनको रमाइलो चाड गाउँघरमा आइपुग्यो
नेपाली जनको महान पर्व गाउँघरमा आइपुग्यो
हो २०७७ को दशैं आयो,

विजया दशमी तथा शुभ दीपावली २०७७ को पावन अवसरमा यहाँहरूको सु-स्वास्थ्य र दीर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकाना व्यक्त गर्दछु।

**अनु शेरचन, १२ (विज्ञान)**

---

विजया दशमी तथा शुभ दीपावलीको पावन अवसरमा सम्पूर्ण सैनिक आवासीय महाविद्यालय परिवारलाई दीर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

**कृतिका रानाभाट, १२ (विज्ञान)**

जुन व्यक्ति निर्णय गर्नसक्छ, उसका लागि कुनै पनि कुरा असम्भव छैन । -इमरसन

रमणीय वातावारणको मिठास जगाउँदै मनका तिता दुःख भुलाउदै, सृष्टिको मधुर रौनक छर्दै आएको यस २०७७ सालको दशैंको हार्दिक मंगलमय शुभकामना । यस दशैंले सबैको जीवन उन्नतिशील र प्रगतिशील बनोस् । यस महाविद्यालयका मेरा आदरणीय गुरुवर्ग तथा मेरा प्यारा मित्रजन तथा मेरा प्यारा दाजुभाइ तथा दिदी बहिनीहरू सबैजनालाई शुभकामना ।

**सलिना श्रेष्ठ, ९ 'क'**

---

कोही भोकै नबसून
कोही दशा भन्दै नबसून
सबैको निधारमा होस् टीका
कानमा होस् जमरा
र मनभरि खुशी, उमङ्ग/ र दयाको
भावना माता महालक्ष्मीको कृपाले
सबैको घरमा धन सम्पत्ति छाओस्
विजया दशमी तथा शुभ दीपावलीको
सबैलाई शुभकामना ।

आउँदै गरेको विजया दशमी तथा शुभदीपावली-२०७७ सालको पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा सुख, शान्ति समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**गरिमा दाहाल, ९ 'ग'**

हिन्दु धर्मावलम्बीहरूको आउँदै गरेको महान् चाड विजयादशमी तथा शुभ-दीपावलीको पावन अवसरमा सम्पूर्ण महाविद्यालय परिवारलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

**सौरव बराल, १० 'घ'**

---

यस २०७७ सालको बडा दशैं तथा शुभ दीपावलीको पावन अवसरमा सम्पुर्ण महाविद्यालय परिवार, साथीभाइहरूमा शुभकामना व्यक्त गर्दछु ।

**सदिक्षा सापकोटा, ८ (क)**

---

आउँदै गरेको शुभ विजया दशमी, शुभ दीपावली एवम् छठ पर्वको सबै मेरा सहपाठी मित्रहरू, गुरुवर्ग एवम् सम्पूर्ण सैनिक आवासीय महाविद्यालयमा कार्यरत कर्मचारीलाई आत्मीय तथा हार्दिक मंगलमय शुभकामना ।

**रोशन श्रेष्ठ, १२ (व्यवस्थापन)**

---

सम्पूर्ण नेपालीहरूको सांस्कृतिक महान पर्व विजया दशमी तथा शुभ दीपावलीका पावन अवसरमा सबैमा नेपालीहरूको सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**सन्देश सुवेदी, १२ (व्यवस्थापन)**

Only a burning lamp will burn another lamp . - *Koachhar*

बिहानीको घाम र यसको किरणसँगै, उज्यालोको स्वागतमसँगै, चराहरूको सुमधुर गीतसँगै, रमाइलो आभाषसँगै दुर्गा माताको आशीर्वादले सम्पूर्ण नेपालीहरूको जीवन सुख, सम्पन्न र शान्तिमय रहोस् भन्दै सबै नेपालीलाई मेरोतर्फबाट विजया दशमी-२०७७ सालको शुभकामना ।

**प्रविण कार्की, १२ (विज्ञान)**

---

नजिकिँदै गरेको विजया दशमी एवं शुभदीपावलीको पावन अवसरमा यहाँहरूलाई सुस्वास्थ्य, दीर्घायु उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । दुर्गा भवानीले हजुरहरूको परिवारमा खुसी ल्याऊन सधैं भगवान दाहिने रहून् गर्दछु ।

**राहुल चन्द्र आचार्य, ९ घ**

---

नेपालीहरूको महान् चाड विजया दशमी तथा दीपावली २०७७ सालको पावन अवसरमा सम्पूर्ण महाविद्यालय परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । यस विजयादशमीमा दुर्गामाताले हामी सबैको रक्षा गरुन् र हामीले चाहेको पूरा होस् र सबैको जीवन सुखमय बितोस् ।

**सुबास हमाल, १२ (विज्ञान)**

---

विजया दशमी तथा दीपावली-२०७७ को पावन अवसरमा सम्पूर्ण सैनिक आवासीय महाविद्यालय परिवारलाई दीर्घायु तथा उत्तर उत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

**दिपेश कार्की, १२ (व्यवस्थापन)**

---

नेपालीहरूको महान पर्व २०७७ सालको विजयादशमी तथा शुभ दीपावलीको पावन अवसरमा सम्पूर्ण महाविद्यालयलगायत सैनिक परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**दिया बराल ८ ग**

---

२०७७ सालको विजया दशमीको शुभ उपलक्ष्यमा तपाईको सु-कार्यमा कुनै बाधा नआओस् र तपाइँ र तपाईको परिवारको सु-स्वास्थ्य र सुखद् जीवनको कामना गर्दछ । जसरी दुर्गा माताले महिषासुर माथि विजय पाइन् , त्यसरी नै तपाईले पनि आफ्नो नराम्रो संगत र बानी माथि विजय पाउनुहुन्छ भन्ने कामना गर्दछौं । दुर्गा माताले सधैं तपाईको रक्षा गरुन र उहाँको आशीर्वाद सधैं तपाईको परिवार माथि परिरहोस् । तपाइँको जीवनमा सधैं प्रगति र खुशियाली भइरहोस् ।

**सुजाता अधिकारी, १२ (व्यवस्थाप**

चरित्र वृक्ष हो भने प्रनिभा उसाको छायामात्र हो । - *अब्राहम लिङकन*

# The World Inside Me

**- Ashwini Chhetri**

The world inside me is like a bird,
I have no exact place to live there
I want to fly inside my world,
And create heaven inside my world.

Where all sorts of magic happen,
And none becomes trapped
The world inside me is entirely my own,
And which can be taken by none.

The world inside me is full of nature,
I have a garden inside my world full of beauty
I want to enjoy the nature of my world.
And crate heaven inside my world.

Where all sorts of magic happen,
And none becomes trapped
The world inside me is entirely my own
And which can be taken by none.

The world inside me is full of fun.
I have a collection of music, dance and art
I want to do adventure inside my world
And create heaven inside my world.

# What Did Lockdown Taught Me?

**- Pawan Gurung, 11**

Lockdown taught me to understand the value of doctors, police, healthcare officials and emergency workers.

Lockdown taught me that it's easy to take a gap from Janus and rely on homemade food.

Lockdown taught me to discover my ….. old chair skills.

Lockdown taught me the art of alones. I am feeling alone but not lonely.

Lockdown taught me to respect the value of savings. Lockdown taught me to spend time with My parents and other family members. Which is almost impossible task during normal life.

Lockdown taught me that no place is safer than home.

Lockdown taught me that we can live with two sets of clothes rather it makes us more disciplined as we have to deliberately wash clothes daily.

# Amazing Facts

**- Anika Shrestha, 12**

1. Coconut is the largest seed in the world.
2. Dolphins sleep with one eye open.
3. A thousand contains the letter 'A' but none of the words from one to nine hundred and ninety nine has an 'A'.
4. Snails have 4 noses.
5. Albert Einstein never wore socks.
6. Giraffes have no vocal cords.
7. Files have 5 eyes; 2 large eyes and 3 small eyes between 2 big eyes.
8. The tooth is the only part of the human body that can't repair itself.
9. The eye of an ostrich is bigger than its brain.
10. How water can freeze faster than cold water.
11. People with blue eyes see better in dark.
12. Ants do not sleep.
13. Like every finger print; every tongue print is unique.

रिस जहिले पनि मूर्खताबाट सुरू र पश्चातापमा गएर समाप्त हुन्छ । -अरस्तु

# Is Just a thread enough ?

**- Sandhya Khatri, 12 'A' (Sci.)**

Hey everyone !

I hope you all are safe and might have celebrated Rakshybandan well this year. Have you ever thought? Is a single thread enough to protect your sister? So that mean. If I haven't tied rakshyabandhan to my brother this year, will he not be protecting me?

Do you know that there were 1623 rape cases recorded in Nepal in the year 2019 and around 40 acid attacks per year. Can you be sure enough when there will be rape cases and acid attacks in the upcoming year one of them might not be your sister? Can you imagine your sisters or daughters name in the list of those victimized girls? Obviously No, we can't. When it comes to our family we can't even think anything wrong and painful for them. So, have you ever thought a girls who is raped in the corner of the dark street also has a beautiful and loving family just like yours?

We can't say that our sisters will be in that records or not but we can do one thing i.e. among 1623 rape cases we are not the rapist who hurts pitiful girls or not rapist who threw $H_2SO_4$ when a girl rejects him.

By this, I want you all to think twice about why your sister ties rakki in your hand? She is not just doing it for herself or just because of some brother will protect not only her sister but all the sisters out there and make a beautiful and peaceful safe society to live in.

Hope that there will be zero cases of rape and acid attacks and every brothers and sisters will be celebrating Rakshyabandhan happily in coming years.

# जीवन

**- सनन श्रेष्ठ, ८ 'घ'**

जीवन निराशा, आँधीहुरीले भरिएको छ
जीवनको गोरेटोमा काँडैकाँडाले घेरिएको छ ।
जीवन संघर्ष र दुःखले भरिएको छ,
तर पनि मौनतामा चलिरहेछ ।

हाँसो त केवल क्षणिक रहेछ
जीवनको साहारा रहेछ,
आँशु नै जीवनको साहारा रहेछ ।
सुख त केवल क्षणिक पाहुना मात्र रहेछ ।
दुःख नै जीवनको साथी रहेछ ।

बगि जाने पानी सरहको यो जीवन
कहिले सुख, कहिले दुःखमा अल्झिने रहेछ,
तर पनि हरेक पल संघर्ष रहेछ ।
यति धेरै रमाइलो संसारमा
भित्र अन्धकार रहेछ,
छ न त छन् धेरै साथीहरू
तर पनि यात्रा एक्लै गर्नु पर्दोरहेछ ।

"सफलताको सम्बन्ध कामसित हुन्छ । सफल मानिस सधैं नै गतिशिल हुन्छन् ।
उनीहरुले गल्तीहरु गर्छन् तर मैदान छोड्दैनन् ।" - कोनरैड हिल्टन

# आमा

- जेसिका जी.सी.

नौ नौ महिना कोखमा राखी जन्म दियौ आमा
अहिलेसम्म याद छ तिमीले स्कुल
बोकाएर पठाएको झोला
यो संसारमा हामीलाई भेट गराइदिने आमा
अरू कुरा धेरै होलान् तर सधैँ एक ईश्वर आमा

जे पनि पाइन्छ संसारमा जे पनि चाहिन्छ,
आमाबाहेक अरू सब थोक पाइन्छ ।
पाइएला न्यानो, चिसो, घाम,पानी, छायाँ,
मुटु नै टुक्रेसरी जन्म दिने कहाँ पाइन्छ आमा ?

छोरा छोरीको खुसीमा नै सधैँ सन्तुष्टी हुने आमा,
कति निश्चल र चम्किलो छ उनको त्यो माया ।
फेरि फेरि पाउने छैनौँ फकाउन जति तिमी रुँदा,
सेवा गरौँ आमाको अहिले जीवित हुँदा ।

सम्झी आमा हजुरलाई नभेट्ने दिन गन्छु ,
जिन्दगीमा खाएको ठक्कर त्यही दिन भन्छु ।
अब म त आमा भेट्न पाउँछु भनेर ,
औंला नै दुखिसक्यो मेरो घर फर्कने दिन गनेर ।

पक्कै पनि आमा हजुरलाई भेट्दा मेरो
आखाँबाट दुई थोपा आसु झर्ला ।
त्यही बेला हजुरको माया मेरो लागि
अझै धेरै बढ्ला ।
हजुरको गालीलाई माया मानी सधैँ,
सताउनलाई गल्ती गर्छु अझै ।

# ममत्वको यादमा

**- कृतिका रानाभाट, १२ विज्ञान**

कसैको भर लाग्दैन आमा, लाग्थ्यो मात्र तिम्रो भर
तिमी नहुँदा आज किन किन
जिन्दगी जिउन पनि लाग्दैछ डर ।

घामले सताएको बेला, तिमी बनेर आयौ छायाँ
जब जिन्दगीमा एक्लोपन बाहेक केही थिएन
तिमी लिएर आयौ माया ।

तिमीले दिने जति माया मैले कतै पनि पाइन
तिमीले जस्तै गर्ने माया पाउँछु की भनी
म कहाँ कहाँ धाइन ।

जिन्दगी त सुकेको पात झैँ भाको छ तिम्रो अभावमा
तिमी साथ नहुँदा बाँच्नु परेको छ यहाँ
बाध्य भई अरूको दबावमा ।

याद आउँछ निदाएको त्यो तिम्रो न्यानो काखमा
तर अब बितेका पलहरू र तिम्रा स्मृति
मात्र छन् मेरा साथमा ।

न भोकमा भोजन पाउँछु न निद्रामा ओच्छयान्
तिमी मात्र एउटै थियौ, माया गर्ने र साथ दिने
खै अब त को छन् र यहाँ ?

याद आउँछ झलमली तिमीले माया गरी माम खुवाएको
यदि मिल्छ भने माफी देऊ आमा त्यो समयलाई
जव मैले तिमीलाई रुवाएको ।

फर्की आऊ आमा मरिरहेको छु नपाउँदा तिम्रो साथ
एक चोटि फेरि आँखा खोल्न आमा
गर न मसँग केही मिठा बात ।

अब कहिल्यै सताउने  छैन आमा, फर्की आऊ एक फेर
तिमीले भनेको मान्ने छु आमा, जान दिने छैन अब
राख्ने छु माया गरेर ।

जुन अगाडि छ, त्यही नै सत्य हो, यसबाहेक सबै सम्भावनामात्र हुन्  । *-ओसो*

# Positiveness In Human Life

**Diya Baral, 9'C'**

Positiveness is the process of focusing on the beautiful and happy side of our life and expecting the positive results. Positive and thinking makes the life of an individual happy and stressfree. Positiveness prevents us from being discouraged in any type of stage in our life. Positiveness is the key component to success.

With the positiveness in our life we can experience the pleasant and happy feelings. Positive and negative feeling are contagious. We are affected and we affect the people we meet in one way or other. This happens instinctively and in a subconscious level. Positive thinking also increases the life span. It decreases the risk of depression and having suicidal thoughts. The health benefits of positive thinking are: greater resistance to the common cold, better physiological, better cardiovascular health and reduces risk of death from cardiovascular disease. Positive thinking often starts with the self talk. There are various things that can be done to increase positive thinking in your life. Some of them are meditation, yoga. Though there is so much talk and rend boutique positive thinking few really understand what it is. Being positive doesn't mean ignoring what is happening around you and living with some kind of positive bubbles. Being positive refers to a accepting the things happening around you and looking the positive side of it. Here is an advice for people who feel lack of positive thinking. In

order the power of thought "worked for you" you need to develop an positive attitude to your life. You should expect only the successful outcomes in our lives. You should have the Internal physiological disposition to succeed.

Positive thinking plays a great role in our life. As it was mentioned above, the idea of positive thinking is to restructure the perception so that any problem or negative situation was accepted as any kind of benefit or incentive for life, for fight for new actions. The methods of positive hiking are now used in almost all the place in this whole world. Positive hiking is mostly used for conflict managment. His method works and is sufficiently effective. If you think positively, it could change your life for the better!!!!

# Psyodogical Facts

**Merish Bhatta, 7 'C'**

- 90% of people between 10-29 years sleep with their mobile phones.
- The smaller your food writing, the lesser you are open to conversation.
- If a person sleeps a lot, then he/she is sad.
- Having conversation with a woman gives man improved mental strength.
- Most of us suffer from phantasm vibration syndrome. The feeling that your phone is vibrating when it's actually not.
- People who easily get distracted are more creative and tend to have more IQ.
- 10% of world population is left handed.
- Creative people tend to get bored easily.
- Eating chocolates reduces stress.
- People who gives you the best advice are the ones.

बुद्धिमान मान्छे आपत्तिबाट डराउँदैन । - *कन्फ्युसियस*

# पुस्तकालय

**सोनिया शर्मा, ११ (विज्ञान)**

यो विपद् समय समक्ष सबमा विद्या स्वयंले शुरू ।
विना विद्यालय र शिक्षक पनि तिमी गुरूको गुरू ॥
सुख् कृति सुविधा दिलाउने तिमी रोसनीको सागर ।
विना तिमी ज्ञान अधुरो छ यहाँ धन्य पुस्तकालय ॥

विद्या हो नरको व्यक्तित्व पहिचान लुप्त सुरक्षित धन ।
विदेशमा बन्धुत्व दिलाउँ छ र पनि बन्छ ठूलो देवता ॥
त्यस्को कारक तत्व त्यो तिमी बन्यौ ज्ञानको त्यो भण्डार ।
राजाको पनि पुज्य ज्ञान बनिदियौ धन्य पुस्तकालय ॥

किनी पुस्तक पढ्ने हैसियत नहुने भो विद्या बन्यो व्यापार ।
तिमी छौ र त पाएको छु आलिङ्गन् ज्ञानको सागर चुम्बन ॥
यस्तो यो परिवेशमा तिमी बन्यौ निरीहको साहारा ।
संरक्षण पुण्य काम हो जगतमा धन्य पुस्तकालय ॥

कुन् पुस्तक् किनी साध्य छ र अब खै अनन्त शास्त्र यहाँ ।
कुन् ज्ञानले भरिपूर्ण हुन्छ र नर वहुलाश्च विद्यामहाँ ॥
खोजि पुस्तक पढ्ने अम्मल बसे बढ्छ ज्ञानको सागर ।
नमन् छ सुरुवात् कस्ले गरिदियौ धन्य पुस्तकालय ॥

# यो वर्ष

**विविषा कँडेल,**
**११ (विज्ञान)**

चाड आए पर्व आए
मन भयो दङ्ग
वरपर दूषित छ
मन फेरि भङ्ग ।

पोहोरजस्तो उमङ्ग
छैन यो साल
गाउँघर सबै शून्य
यस्तै छ हाल ।

परिवारमा रमाएर
चाडपर्व मानौँ
भौतिक दूरी बढाएर
आयू आफ्नो तानौँ

यो साल यस्तै भयो
डर मान्नु पर्छ
अर्को साल उमङ्गले
दशैँ मान्नु पर्छ ।

नेपाली चाडपर्वको
सबैमा शुभकामना !

The life which is unexamed is not worth living . - Socrates

# कविता

**बिष्णु तिमिल्सिना, पोखरा**

सधैं जसो आज पनि थाल समाउँदै
माग्दै थिए बिचरा ती पाल समाउँदै ।

गल्ली गल्ली डुली हिँड्यो हात लाग्यो शून्य
भोक प्यास तिर्खा खप्छ काल समाउँदै ।

निर्दयीले तितो बोल्छ ङिच्च हाँसिदिन्छ
दुई सर्को गीत भन्छ ताल समाउँदै ।

क्रोध छैन लोभ छैन दिए जति लिन्छ
आँसुभित्र जीवन खोज्छ जाल समाउँदै ॥

दैव तेरो लिला कस्तो कहाँ गयो न्याय
संकटमा बाँच्नु पर्छ गाल समाउँदै ॥

अभ्यासले विद्या, सुशीलताको कुल, आँखाले क्रोधको ज्ञान हुन्छ । - *कौटिल्य*

# मेरो प्यारो गोरखा

**- कुशल बानियाँ, ९ 'ख'**

गोरखा जिल्लामा पर्छ मेरो प्यारो गाँउ
वनपाखा, बारीटारी हरियाली ठाँउ ।

मन साह्रै चञ्चल हुन्छ पुग्नलाई यो ठाँउमा
कति सुन्दर फूलहरू पाइन्छन् मेरो जन्मभूमि गाँउमा ।

पाइन्छ मनासलु हिमालको सफा दृश्य देख्न
राम्राराम्रा कुराहरू मन लाग्यो लेख्न् ।

देशभरका मानिसहरू हेर्न आँउछन् दरबार
थुप्रै मानिसहरूको छ यहाँ बसोबास र घरबार ।

यस जिल्लाको मुख्य पेशा व्यापार खेतीपाती
यो ठाँउका मानिसहरू छन् निकै जाती ।

गोरखा दरबार, मनकामना प्रशिद्ध छ धेरै
संरक्षण गर्ने योजना पनि हुनुपर्छ मेरै ।

मनासलु संरक्षण क्षेत्र पनि पर्छ यही ठाउँमा
हरियाली बालीनाली देख्न पाइन्छन् गाउँमा ।

उकाली र ओराली, लेक अनि बेंसी
मनमोहक यो ठाँउ भएर नै घुम्न आँउछन् विदेशी

यहाँको मानिसहरूसँग नहोला धेरै सम्पति र धन
तर उनीहरूसँग छ स्वाभिमानी मन ।

रमाइलो चाडपर्वमा हुन्छ यहाँ ठूलो मेला
ठाँउठाँउबाट हुन्छ यहाँ मानिसहरूको भेला ।

गोरखनाथको काखमा छ निकै राम्रो बजार
बजार घुम्न आँउछन् पर्यटक हजार ।

मैदानका डाँडामुनि छन् धेरै गाउँ
हरियाली वन जंगल कति सुन्दर ठाउँ ।

Examine the opportunities, the challenges you have given yourself . - *Michael Johnson*

साना साना थुप्रै छन् हरियाली गाउँ
सबैभन्दा प्यारो लाग्छ मलाई यही ठाउँ ।

दिनभर चर्को घाममा पनि काम गर्छन् राम्रो
कति असल यहाँका किसानहरू भोक मेट्ने हाम्रो ।

आँखाभरि घुमेको छ यही ठाँउको चित्र
बसेको छ यही ठाँउ मेरो छातीभित्र ।

---

# म रोग जित्न सक्छु

**आर्यन पौडेल, ८ 'घ'**

आमाले घाँसको भारी बिसाउँदा
बारीको डिलमा जन्मेको
म हुँ एक नेपाली छोरो ।

हिमालको कन्चन हिउँ जस्तै मेरी आमाका
दशधारा अमृत पिएको छु मैले
ल्याक्टोजिन र निप्पलको भरमा
श्वास धानिरहेको मान्छे हैन म
र त भनिरहेछु म रोगलाई जित्न सक्छु ।

सेरलेक्स,हरलिक्स, चक्लेट,बिस्कुट
कहाँ पाइन्थ्यो र गाउँमा
म त भैँसीको शुद्ध दुध,घ्यू
अनि गहुँको आँटो-पिठो खाएर हुर्केको मान्छे
आफ्नै बारीको केरा,सुन्तला,आँप र काफलसँग रमाएको मान्छे ।

सानैदेखि गाउँको नदीसँगको घनिष्ठता
झरनासँगको सामिप्यता
वर-पिपलसँगको आत्मीयता
र कोइलीसँगको सुमधुर मित्रतामा हुर्केको मान्छे
जसकारण मसँग रोग प्रतिरोधात्मक शक्ति बढी छ
र त भनिरहेछु म रोगलाई जित्न सक्छु
जसरी आजसम्म सारा शत्रुलाई
सिङ्गो नेपालले जितेको छ ।

वर्तमान अतीतको सन्तान र भविष्यको जननी हो । - *कार्ल मार्क्स*

# किन ?

**गसिका थापा, (पूर्व विद्यार्थी)**

अशान्ति नै हुन थियो त यहाँ, शान्ति देश घोषणा गऱ्यौ. किन ?
भाइभाइ लड्नु थियो त यहाँ, एकताको पाठ पढायौ किन ?

नारीको अस्तित्त्व लुट्नु थियो त यहाँ, सीता र भृकुटीको गीत गायौ किन ?
यही आमालाई चोट लगाउनु थियो त यहाँ, आमा भनी पुकार गर्‍यौं किन ?

विधेयक र कानुन थिएन त यहाँ, संविधानको पाना कोऱ्यौ किन ?
आफू आफूमा युद्ध थियो त यहाँ, शान्ति बलको घोषणा गर्‍यौं किन ?

हिंसा र हत्याको मैदान हुनु थियो यहाँ, शान्ति देश नेपाल भनी भन्यौ किन ?
आपसमा लड्नु थियो त यहाँ, वीर पुर्खाले एकताको पाठ दियौ किन ?

देशमा शान्ति आउन्न भने राष्ट्रिय गीत गाउनु किन ?
नेताहरूको मन फेरिन्न भने आन्दोलनमा धाउनु किन ?

---

# खेर फाल्नु हुँदैन

**संयम मल्ल, ७ 'ग'**

खेल फाल्नुहुँदैन खानेकुरालाई
सम्झ हेर एक फेर खानै नपाउनेलाई ।
कति छन् संसारमा भोकाहरू
खाना खान नपाएर मरेकाहरू ।

खेर फाल्नु हुँदैन कापी कलमलाई
सम्झी हेर एक फेर पढ्नै नपाउनेलाई ।
कति छन् संसारमा अनपढहरू
पढ्नलेख्न नपाएर रोएकाहरू ।

खेर फाल्नु हुँदैन समयलाई
बुझी हेर यसको महत्वलाई ।
हिजो जस्तो आज हैन, आज जस्तो भोलि
सबैलाई मन पर्छ सत्य नरम बोली ।

**Well done is better than well said . - Benzamin**

# मानवता हराएको क्रुर समाज

**- प्रकृति ढकाल, १२ विज्ञान**

हाम्रो समाज विकासको गोरेटा बोकेर आखिर कता जाँदै छ ? विज्ञान र प्रविधिको युग भनिएको यो एक्काइसौँ शताब्दीमा आएर आज मानव आफै पशुसरहको व्यवहारमा उत्रिएको छ। जुन गुणले मानिस सर्वश्रेष्ठ कहलाउँथ्यो त्यो सबै गुमाएका छन् अहिले। ईश्वरको दर्शन पाउन जब भक्तजनहरू शारीरिक रूपमा अशक्त, भोका नाङ्गाहरूलाई नाघ्दै धकेल्दै हतार हतार मन्दिर प्रवेश गर्छन् तब म यो समाजको विभत्स रूप देख्छु। अनि मनमा कता कता डर पो आउन थाल्छ। कहिँकतै मानवता हराएको त होइन् ? जब एउटा पिडामा छट्पटाइरहेको व्यक्तिलाई सहयोग गर्नुको साट्टो भिडियो बनाएर फेसबुकमा हाल्छन् तब लाग्छ हाम्रो समाज चाहिने भन्दा बढी आधुनिक भएको त होइन ? आज मान्छेमा दया, न्याय, ममता, आदर, सम्मान, सहिष्णुता सबै हराएको छ। पहिला जङ्गली जनावरहरू देखि मान्छे डराउँथे भने अहिले मान्छे मान्छेसँगै डराउनु परेको छ। अहिले आफ्ना आफन्तले नै आफ्नालाई मार्न पछि पर्दैनन् भने अरूको के भर छ र ? मान्छेको मन कति कठोर बन्दै गएको छ । आखिर किन र केका लागि ? यो प्रश्न हाम्रा लागि अनुत्तर बनिदिएको छ। यो समाज दलित, उत्पीडित पिछडिएका समुदायका लागि अन्धो भएको छ। कतिपय हत्याकाण्डहरू रहस्यमय बन्दै गएका छन्। के नेपाली समाजले बाटो बिराएको हो त ? समाजबाट मानवताका साथै न्याय पनि हराउँदै छ हाम्रो समाजमा।

